निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मित्याल, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

सूचना नं. ८०

लेखा परीक्षणका लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मिति : २०८३/०८/०१

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका विद्यालय र सामुदायिक सिकाई केन्द्रहरुको आ.ब. २०८२/८३ को अन्तिम लेखा परीक्षण गर्न इच्छुक व्यक्ति वा फर्महरुबाट आशय पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति वा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा आशय पत्र पेश गर्नुहुन अनुरोध छ।

तपसिलः

१. फर्म वा व्यक्तिको सम्पर्क नं. र हालको ठेगाना समेत स्पष्ट उल्लेख गरिएको सक्कल आशय पत्र,

२. नविकरण सहितको फर्म / कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

३. नविकरण सहितको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्रको प्रतिलिपि,

४. स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

५. आ.ब. २०८२/८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

७. लेखापरीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृतिको प्रतिलिपि,

८. लेखा परीक्षण सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको र आफ्नो पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कालो सूचीमा नपरेको तथा कुनै सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व.घोषणपत्रको सक्कलै प्रति।

पुनश्चः निवेदन दिने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलि पल्ट निवेदन दर्ता गर्न सकिने छ।

२०८३/०८/०१
पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

Web:https://www.nisdimun.gov.np Email:info@nisdimun.gov.np,nisdi2007@gmail.com +9779857079210/9857079215